नेपाल सरकार
रक्षा मन्त्रालय

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक" सर्वसाधारणको राय सुझावको लागि देहायको विवरण सहित प्रकाशन गरिएको छ।

| दफा | विधेयक तर्जुमा गर्नु पर्नाको कारण र विभिन्न क्षेत्रमा पर्न सक्ने प्रभाव/सहयोग | विवरण |
|---|---|---|
| ६ को उपदफा (२) को खण्ड (क) | विधेयक तर्जुमा गर्नु पर्नाको कारण | राष्ट्रको सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तनमार्फत सर्वाङ्गीण मानवीय सुरक्षालगायत नेपालको समग्र राष्ट्रिय हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा योगदान पुऱ्याउनसक्ने दक्ष, योग्य र जिम्मेवार मानवस्रोत उत्पादन गर्ने विशिष्टीकृत प्राज्ञिक केन्द्रका रूपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नु परेकोले यो विधेयक तर्जुमा गरिएको। |
| ६ को उपदफा (२) को खण्ड (ख) | विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव | यो विधेयकको व्यवस्थाबाट नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ४८ मा उल्लिखित राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्न, संविधान र कानूनको पालना गर्न सक्षम मानव स्रोत उत्पादन हुने र सोबाट नागरिकका मौलिक हक तथा मानव अधिकार उपभोगमा थप मद्दत पुग्ने। |
| ६ को उपदफा (२) को खण्ड (ग) | विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव | यो विधेयक ऐन बनी कार्यान्वयनमा आउँदा विश्वविद्यालय सञ्चालन गर्न नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने। |

| | | |
|---|---|---|
| दफा ६ को उपदफा (२) को खण्ड (घ) | विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालन भए पश्चात राष्ट्रको सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तनमार्फत सर्वाङ्गीण मानवीय सुरक्षालगायत नेपालको समग्र राष्ट्रिय हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा योगदान पुऱ्याउनसक्ने दक्ष, योग्य र जिम्मेवार मानवस्रोत उत्पादन भई दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने। |
| दफा ६ को उपदफा (२) को खण्ड (ङ) | विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव | विधेयकको व्यवस्थाले सुशासन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। |
| दफा ६ को उपदफा (२) को खण्ड (च) | विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग | - - |

१. राष्ट्रको सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तनमार्फत सर्वाङ्गीण मानवीय सुरक्षालगायत नेपालको समग्र राष्ट्रिय हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा योगदान पुऱ्याउनसक्ने दक्ष, योग्य र जिम्मेवार मानवस्रोत उत्पादन गर्ने विशिष्टीकृत प्राज्ञिक केन्द्रका रूपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक" को मस्यौदा गरिएको हुँदा प्रस्तावित विधेयकलाई थप परिमार्जन गर्न यस क्षेत्रका विज्ञहरूका साथै सरोकारवाला र सर्वसाधारणको महत्त्वपूर्ण राय/सुझावको अपेक्षा सहित यो सूचना प्रकाशन गरिएको छ।

२. विधेयकमा राय, सुझाव र परामर्श दिन चाहने व्यक्ति वा संस्थाले २०८२ असार १ गतेभित्र आफ्नो राय, सुझाव र परामर्श यस मन्त्रालयमा पत्राचार मार्फत वा मन्त्रालयको इमेल ठेगाना legal@mod.gov.np मा पठाउनु हुन अनुरोध छ।

# राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक

**प्रस्तावनाः** राष्ट्रको सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तनमार्फत सर्वाङ्गीण मानवीय सुरक्षालगायत नेपालको समग्र राष्ट्रिय हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा योगदान पुऱ्याउनसक्ने दक्ष, योग्य र जिम्मेवार मानवस्रोत उत्पादन गर्ने विशिष्टीकृत प्राज्ञिक केन्द्रका रूपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "उपकुलपति" भन्नाले दफा २३ बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ।

(ख) "कार्यकारी परिषद्" भन्नाले दफा १३ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ग) "केन्द्र प्रमुख" भन्नाले दफा ३१ बमोजिमको केन्द्र प्रमुख सम्झनु पर्छ।

(घ) "डिन" भन्नाले दफा २७ बमोजिमको डिन सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्रतिरक्षा अध्ययन संस्थान" भन्नाले दफा १६ बमोजिमको प्रतिरक्षा अध्ययन संस्थान सम्झनु पर्छ।

(छ) "प्राचार्य (प्रिन्सिपल)" भन्नाले राष्ट्रिय प्रतिरक्षा महाविद्यालय (कलेज) बाहेकका अन्य महाविद्यालय (कलेज) का प्रमुख सम्झनु पर्छ।

(ज) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(झ) "प्राज्ञिक समूह" भन्नाले विश्वविद्यालय अन्तर्गतका अध्ययन केन्द्र एवं कलेजहरूको अध्यापन कार्यमा संलग्न प्राध्यापक (प्रोफेसर), सह प्राध्यापक (एसोसिएट प्रोफेसर, सहायक प्राध्यापक (एसिस्टेन्ट प्रोफेसर) सम्झनु पर्छ र सो शब्दले नेपाली सेना तथा अन्य निकायका बहालवाला वा अवकाश प्राप्त प्रमुख शिक्षक (चिफ इन्स्ट्रक्टर), वरिष्ठ शिक्षक (सिनियर इन्स्ट्रक्टर), सिनियर डाइरेक्टिङ्ग स्टाफको समूहलाई समेत जनाउँछ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनु पर्छ।

(ट) "महाविद्यालय (कलेज)" भन्नाले विश्वविद्यालयका आङ्गिक वा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भएका शिक्षण संस्था सम्झनु पर्छ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २५ बमोजिम नियुक्त विश्वविद्यालयको रजिष्ट्रार सम्झनु पर्छ।

(ड) "रणनीतिक अध्ययन अनुसन्धान केन्द्र" भन्नाले दफा १८ बमोजिमको रणनीतिक अध्ययन अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(ढ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सम्झनु पर्छ।

(ण) "सभा" भन्नाले दफा ६ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ।

(त) "शिक्षाधिकृत (कमान्डान्ट)" भन्नाले दफा २९ बमोजिमको राष्ट्रिय प्रतिरक्षा महाविद्यालयको प्रमुख सम्झनुपर्छ।

## परिच्छेद - २

## विश्वविद्यालयको स्थापना र संगठन संरचना

३. विश्वविद्यालयको स्थापना: (१) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्च तहको अध्ययन, अध्यापन तथा अनुसन्धान गराई यस विधामा सक्षम, योग्य एवं विशिष्टीकृत जनशक्ति विकास गर्नको लागि राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना हुनेछ।

(२) विश्वविद्यालय राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा सम्बन्धी विशिष्टीकृत प्राज्ञिक एवम् अनुसन्धानमूलक संस्थाको रूपमा सञ्चालन हुनेछ।

(३) विश्वविद्यालयको केन्द्रीय कार्यालय बागमती प्रदेशअन्तर्गत काभ्रेपलान्चोक जिल्लाको बनेपा नगरपालिकास्थित पेरुङ्गेडाँडामा रहनेछ।

(४) विश्वविद्यालयको सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. विश्वविद्यालय स्वायत्त र संगठित संस्था हुने: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र संगठित संस्था हुनेछ र यो कानूनी व्यक्ति हुनेछ।

(२) विश्वविद्यालयले कानुनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिए तापनि विश्वविद्यालयले अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) विश्वविद्यालय स्वतन्त्र प्राज्ञिक सोचमा आधारित सुरक्षा तथा प्रतिरक्षा क्षेत्रको विशिष्टीकृत शैक्षिक तथा अनुसन्धान केन्द्र हुनेछ।

(५) विश्वविद्यालयको अंग्रेजी नाम, आदर्श वाक्य र प्रतीक चिह्न अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ।

५. <u>विश्वविद्यालयको सङ्गठन</u>: विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहायबमोजिम हुनेछ र त्यस्ता सङ्गठनको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछः-

(क) विश्वविद्यालय सभा

(ख) प्राज्ञिक परिषद्

(ग) कार्यकारी परिषद्

(घ) प्रतिरक्षा अध्ययन संस्थान

(ङ) राष्ट्रिय प्रतिरक्षा महाविद्यालय

(च) सम्बन्धन प्राप्त कलेज

(छ) रणनीतिक अध्ययन अनुसन्धान केन्द्र।

६. <u>सभाको गठन:</u> (१) विश्वविद्यालयको नीति निर्माण र समग्र मार्गदर्शनका लागि सर्वोच्च निकायको रूपमा सभा रहनेछ।

(२) विश्वविद्यालय सभाको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) कुलपति, | - अध्यक्ष |
| (ख) मन्त्री, रक्षा मन्त्रालय | - सह-अध्यक्ष |
| (ग) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | - सदस्य |
| (घ) मुख्य सचिव, नेपाल सरकार | -सदस्य |
| (ङ) प्रधान सेनापति, नेपाली सेना | - सदस्य |
| (च) सदस्य, राष्ट्रिय योजना आयोग (रक्षा सम्बन्धी विषय हेर्ने) | - सदस्य |
| (छ) उपकुलपति | - सदस्य |
| (ज) संघीय कानून अन्तर्गत स्थापना भएका विश्वविद्यालयका उपकुलपतिहरूमध्येबाट कुलपतिले मनोनयन गरेको एक जना | - सदस्य |
| (झ) सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ञ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (ट) सचिव, गृह मन्त्रालय | - सदस्य |
| (ठ) सचिव, परराष्ट्र मन्त्रालय | - सदस्य |
| (ड) सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| (ढ) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |

(ण) डिन - सदस्य

(त) शिक्षाधिकृत (कमान्डान्ट) - सदस्य

(थ) केन्द्र प्रमुख - सदस्य

(द) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध वा कूटनीति सम्बन्धी विषयका विज्ञहरूमध्येबाट कुलपतिले मनोनयन गरेको एकजना महिलासहित तीनजना - सदस्य

(ध) रजिष्ट्रार - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ज) र (द) बमोजिमका सदस्यहरूको मनोनयन प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले गर्नेछ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(५) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन गएमा सोही प्रक्रिया बमोजिम उपदफा (४) बमोजिमको पदावधिको लागि नयाँ सदस्यको मनोनयन गरिनेछ।

७. <u>योग्यताः</u> दफा ६ को उपदफा (२) को खण्ड (द) बमोजिमको सदस्य हुन देहायको योग्यता पूरा भएको हुनुपर्नेछः-

(क) नेपाली नागरिक

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध वा कूटनीति सम्बन्धी विषयमा अध्ययन, अध्यापन वा शोध कार्य गरेको वा सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(घ) भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ङ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

(च) उच्च नैतिक चरित्र र आचरण भएको।

८. <u>विश्वविद्यालय सभाको बैठकः</u> (१) सभाको बैठक कम्तीमा वर्षमा एक पटक र आवश्यकतानुसार जुनसुकै बखत बस्नसक्नेछ।

(२) सभाको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सह-अध्यक्षले गर्नेछ।

(३) सभाको तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) उपदफा (३) बमोजिम पचास प्रतिशत सदस्य उपस्थित हुन नसकी गणपूरक संख्या नपुगेमा सो बैठक स्थगित गरी पुनः अर्को बैठक बोलाइनेछ।

(५) उपदफा (४) बमोजिम पुनः बोलाइएको बैठकमा सभाको सम्पूर्ण सदस्य संख्याको एक तिहाइ सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(६) सभाको बैठकमा छलफल गरिने कार्यसूची सामान्यतः बैठक बस्नुभन्दा कम्तीमा अठचालीस घण्टा अगावै सदस्य-सचिवले अध्यक्षसहित सबै सदस्यहरूलाई पठाउनुपर्नेछ।

(७) कार्यसूचीमा नपरेको तर कुनै महत्त्वपूर्ण विषयमा सभामा छलफल गर्नुपर्ने भएमा अध्यक्षको अनुमति लिई कुनै सदस्यले त्यस्तो विषय बैठकमा छलफलका लागि प्रस्तुत गर्न सक्नेछ।

(८) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(९) बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले संयुक्त रूपमा प्रमाणित गरी राखिनेछ।

(१०) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>सभाको काम, कर्तव्य र अधिकारः</u> (१) सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको गुणस्तर तथा प्राज्ञिक विकासको लागि नीति निर्धारण गर्ने,

(ख) विश्वविद्यालयसम्बन्धी नीति, नियमहरू पारित गर्ने,

(ग) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक मार्गदर्शन गर्ने,

(घ) विश्वविद्यालय अन्तर्गतका कुनै निकाय वा पदाधिकारीहरूलाई आवश्यक निर्देशन दिने,

(ङ) विश्वविद्यालयको दीर्घकालीन योजना स्वीकृत गर्ने,

(च) तत्काल सम्बोधन गर्नुपर्ने विषयहरूमा उपकुलपतिको निर्णयलाई अनुमोदन गर्ने,

(छ) विश्वविद्यालयको कार्यकारी परिषद्ले प्रस्ताव गरेको योजना, बजेट, वार्षिक कार्यक्रम, प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ज) विश्वविद्यालयमा हुने अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने विषयको कार्यकारी परिषद्ले निर्धारण गरी पेश गरेको शिक्षण तथा सेवा शुल्क स्वीकृत गर्ने,

(झ) उपकुलपतिको नियुक्तिको लागि योग्य व्यक्तिहरूको नाम कुलपति समक्ष सिफारिस गर्ने,

(ञ) आफ्नो क्षेत्रसँग सम्बन्धित कलेजहरूलाई सम्बन्धन दिने सम्बन्धमा निर्णय गर्ने,

(ट) प्राज्ञिक परिषद्को सिफारिसमा विश्वविद्यालयले प्रदान गर्ने विभिन्न उपाधि स्वीकृत गर्ने।

(२) सभाका अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन्।

१०. <u>प्राज्ञिक परिषदको गठन:</u> (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमका सदस्यहरू रहेको प्राज्ञिक परिषद् रहनेछ:-

| | | |
|---|---|---|
| (क) | उपकुलपति | - अध्यक्ष |
| (ख) | सैनिक तालिम महानिर्देशक, नेपाली सेना | - सदस्य |
| (ग) | डिन | - सदस्य |
| (घ) | शिक्षाधिकृत (कमान्डान्ट) | - सदस्य |
| (ङ) | केन्द्र प्रमुख | - सदस्य |
| (च) | प्राचार्यमध्येबाट उपकुलपतिले तोकेको एक जना | - सदस्य |
| (छ) | प्रमुख, पाठ्यक्रम विकास विभाग | -सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) कुनै कारणले उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पद रिक्त हुन गएमा उपकुलपतिले उपदफा (२) बमोजिमको पदावधिको लागि नयाँ सदस्य तोक्न सक्नेछ।

११. <u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार:</u> (१) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक प्राज्ञिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विश्वविद्यालयले प्रदान गर्ने उपाधि सभासमक्ष सिफारिस गर्ने,

(ख) विश्वविद्यालयअन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गरिने विषयहरूमा भर्ना हुन आवश्यक योग्यता वा मापदण्ड निर्धारण गर्ने,

(घ) प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सुझाव दिने,

(ङ) विश्वविद्यालयबाट हुने अध्ययन अनुसन्धान सम्बन्धी नीति निर्धारण गर्ने,

(च) विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने शैक्षिक नीति, योजना र कार्यक्रम स्वीकृतिको लागि सभामा पेश गर्ने,

(छ) विश्वविद्यालय सभाले पारित गरेका शैक्षिक कार्यक्रमसम्बन्धी नीति, निर्देशन वा निर्णय कार्यान्वयन गर्ने,

(ज) देशभित्र वा बाहिरका अन्य विश्वविद्यालय तथा शैक्षिक एवं अनुसन्धान संस्थाहरूसँग प्राज्ञिक सहकार्य गर्ने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१२. <u>प्राज्ञिक परिषद्को बैठकसम्बन्धी व्यवस्था:</u> (१) प्राज्ञिक परिषद्को बैठक अध्यक्षको अनुमतिले सदस्य-सचिवले आवश्यकतानुसार बोलाउनेछ।

(२) प्राज्ञिक परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) प्राज्ञिक परिषद्को बैठकमा छलफल गरिने कार्यसूची (एजेन्डा) सामान्यतः बैठक बस्नुभन्दा कम्तीमा अठचालीस घण्टा अगावै सदस्य-सचिवले अध्यक्ष सहित सबै सदस्यलाई पठाउनुपर्नेछ।

(४) एजेण्डामा नपरेको तर कुनै महत्त्वपूर्ण विषयमा बैठकमा छलफल गर्नुपर्ने भएमा अध्यक्षको अनुमति लिई कुनै सदस्यले त्यस्तो विषय बैठकमा छलफलका लागि प्रस्तुत गर्न सक्नेछ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले संयुक्त रूपमा प्रमाणित गरी राखिनेछ।

(७) प्राज्ञिक परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१३. <u>कार्यकारी परिषद्को गठन:</u> विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न देहाय बमोजिमका पदाधिकारी भएको कार्यकारी परिषद् रहनेछः-

(क) उपकुलपति - अध्यक्ष

(ख) सभाका सदस्यहरूमध्येबाट उपकुलपतिले तोकेको एकजना - सदस्य

(ग) डीन - सदस्य

(घ) शिक्षाधिकृत (कमान्डान्ट) - सदस्य

(ङ) रजिष्ट्रार - सदस्य-सचिव

१४. <u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार:</u> (१) यस ऐनमा अन्यत्र लेखिए बाहेक कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको नीति, योजना, बजेट, वार्षिक कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्तावहरू तयार गरी अनुमोदनको लागि सभामा पेश गर्ने,

(ग) महाविद्यालय (कलेज) को अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यक निर्देशन दिने,

(घ) विश्वविद्यालयको चल-अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(ङ) विश्वविद्यालयको लागि आवश्यक भौतिक पूर्वाधार, स्रोत र साधनको व्यवस्थापन गर्ने,

(च) विश्वविद्यालयलाई आवश्यक पर्ने स्रोतको दिगो व्यवस्थापनको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(छ) विश्वविद्यालय सञ्चालन, व्यवस्थापन, संरक्षण र संवर्द्धन सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ज) विश्वविद्यालयसँग सम्बन्धित नियमको तर्जुमा गरी सभा समक्ष पेश गर्ने,

(झ) विश्वविद्यालयमा हुने अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने विषयको शिक्षण तथा सेवा शुल्क निर्धारण गर्ने,

(ञ) विश्वविद्यालयसँग सम्बन्धित पदाधिकारी, शैक्षिक तथा प्रशासनिक जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्ने,

(ट) सभा र प्राज्ञिक परिषद्बाट भएका निर्देशनहरू कार्यान्वयन गर्ने,

(२) कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१५. <u>कार्यकारी परिषदको बैठकसम्बन्धी व्यवस्थाः</u> (१) कार्यकारी परिषद्को बैठक अध्यक्षको अनुमतिले सदस्य-सचिवले आवश्यकता अनुसार बोलाउनेछ।

(२) कार्यकारी परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) कार्यकारी परिषद्को बैठकमा छलफल गरिने कार्यसूची (एजेन्डा) सामान्यतः बैठक बस्नुभन्दा कम्तीमा अठचालीस घण्टा अगावै सदस्य-सचिवले अध्यक्ष सहित सबै सदस्यहरूलाई पठाउनुपर्नेछ।

(४) एजेण्डामा नपरेको तर कुनै महत्त्वपूर्ण विषयमा बैठकमा छलफल गर्नुपर्ने भएमा अध्यक्षको अनुमति लिई कुनै सदस्यले त्यस्तो विषय बैठकमा छलफलका लागि प्रस्तुत गर्न सक्नेछ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले संयुक्त रूपमा प्रमाणित गरी राखिनेछ।

(७) कार्यकारी परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१६. प्रतिरक्षा अध्ययन संस्थान: राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक वा रणनीतिक लगायतका विषयमा उच्च तहको शिक्षा प्रदान गर्न विश्वविद्यालयअन्तर्गत प्रतिरक्षा अध्ययन संस्थान रहनेछ।

१७. महाविद्यालय (कलेज) र शिक्षण संस्था : (१) प्रतिरक्षा अध्ययन संस्थान अन्तर्गत सुरक्षा, प्रतिरक्षा, सामरिक वा अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न तोकिएबमोजिमका महाविद्यालय (कलेज) र शिक्षण संस्था रहनेछन्।

(२) उपदफा (१) बमोजिमका महाविद्यालय (कलेज) र शिक्षण संस्थाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल राष्ट्रिय प्रतिरक्षा महाविद्यालय (कलेज) को नामबाट सुरक्षा, प्रतिरक्षा, सामरिक वा अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धान कार्य सुरु गर्न सकिनेछ।

१८. रणनीतिक अध्ययन अनुसन्धान केन्द्र: (१) विश्वविद्यालय अन्तर्गत राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका रणनीतिक विषयहरूमा उच्चस्तरीय अध्ययन र अनुसन्धान गर्न रणनीतिक अध्ययन अनुसन्धान केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था: (१) विश्वविद्यालयको संगठन संरचना, शैक्षिक तथा प्रशासनिक दरबन्दी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भए बमोजिम हुनेछ।

(२) विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको नियुक्ति, बढुवा तथा सेवाका शर्त तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको दरबन्दीमा शैक्षिक तथा प्रशासनिक जनशक्तिको व्यवस्था नभएसम्म विश्वविद्यालय सञ्चालनका लागि आवश्यक जनशक्ति कार्यकारी परिषद्को अनुरोधमा नेपाल सरकारले नेपाल सरकारको निजामती सेवा, नेपाली सेना तथा अन्य सरकारी सेवाबाट काजमा खटाउन सक्नेछ।

(४) विश्वविद्यालयले स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति नभएसम्म पदपूर्ति समितिको सिफारिसमा शैक्षिक तथा प्रशासनिक जनशक्ति करारमा राख्नसक्नेछ।

२०. पदपूर्ति समितिको गठनः (१) विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको स्थायी दरबन्दीमा पदपूर्ति तथा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहेको पदपूर्ति समिति रहनेछः-

(क) लोक सेवा आयोगको सदस्य -अध्यक्ष

(ख) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको कार्यकारी परिषद्का सदस्यमध्ये उपकुलपतिले तोकेको एक जना -सदस्य

(ग) रजिष्ट्रार -सदस्य

(२) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) पदपूर्ति समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-३

## विश्वविद्यालयका पदाधिकारी सम्बन्धी व्यवस्था

२१. विश्वविद्यालयका पदाधिकारीः विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्:-

(क) कुलपति

(ख) उपकुलपति

(ग) रजिष्ट्रार

(घ) डिन

(ङ) शिक्षाधिकृत (कमान्डान्ट)

(च) केन्द्र प्रमुख

२२. कुलपतिः (१) प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ। निजले सभाको बैठकमा र विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।

(३) कुनै कारणवश कुलपति दीक्षान्त समारोहमा उपस्थित हुन नसक्ने भएमा विश्वविद्यालय सभाको सह-अध्यक्षले दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

(४) कुलपतिले विश्वविद्यालय वा विश्वविद्यालयसँग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ।

२३. उपकुलपतिः (१) विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारीको रुपमा एक उपकुलपति रहनेछ।

(२) विश्वविद्यालयको उपकुलपति हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा ४५ वर्ष उमेर पूरा भएको,

(ग) रक्षा वा प्रतिरक्षा वा सामरिक अध्ययन वा रणनीतिक अध्ययन वा अन्तर्राष्ट्रिय सम्बन्ध वा कूटनीति विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(घ) सम्बन्धित क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त गरेको,

(ङ) भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा कुनै फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(च) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

(छ) उच्च नैतिक चरित्र र आचरण भएको।

(३) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिले सभाका सदस्यमध्येबाट प्रधानसेनापति समेत पाँच सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको समितिले उपदफा (२) बमोजिमको योग्यता पुगेका व्यक्तिमध्येबाट उपकुलपति पदमा नियुक्त हुन तीनजना सम्भाव्य व्यक्तिको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिमध्येबाट कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिले उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस गर्दा अपनाउने प्रक्रिया सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपकुलपतिको कार्यकाल नियुक्त भएको मितिले तीन वर्षको हुनेछ।

(८) कुनै कारणले उपकुलपतिको पद रिक्त हुन गएमा यसै दफामा लेखिएको प्रक्रिया बमोजिम नयाँ उपकुलपतिको नियुक्ति गर्न सकिनेछ।

(९) उपकुलपतिको पदावधि समाप्त हुने मितिले तीन महिना पहिले नयाँ उपकुलपति नियुक्तिको प्रक्रिया सुरु गर्नुपर्नेछ।

२४. <u>उपकुलपतिको काम, कर्तव्य र अधिकार</u>: (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) विश्वविद्यालयको समग्र काम कारवाहीको अनुगमन, सुपरिवेक्षण गरी मातहतका निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिने,

(ख) सभाबाट स्वीकृत नीतिको परिधिभित्र रही विश्वविद्यालय सञ्चालन, व्यवस्थापन, संरक्षण र संवर्द्धन सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) विश्वविद्यालयलाई आवश्यक पर्ने स्रोतसाधन प्राप्त गर्न विभिन्न निकायसँग समन्वय गर्ने,

(घ) विश्वविद्यालयसँग सम्बन्धित तत्काल सम्बोधन गर्नुपर्ने नीतिगत विषयमा यस ऐन बमोजिमका सम्बन्धित परिषद्को सिफारिसमा आवश्यक निर्णय गरी अनुमोदनको लागि सभा समक्ष पेश गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएदेखि बाहेकका अन्य काम गर्ने।

(२) उपकुलपतिको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२५. <u>रजिष्ट्रारः</u> (१) विश्वविद्यालयमा एकजना रजिष्ट्रार रहनेछ।

(२) रजिष्ट्रार विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख प्रशासकका रूपमा रहनेछ।

(३) विश्वविद्यालयको रजिष्ट्रार हुनका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट मानविकी वा व्यवस्थापन वा विज्ञान वा सूचना प्रविधि वा रणनीतिक अध्ययन वा सुरक्षा वा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(घ) सम्बन्धित क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव प्राप्त गरेको,

(ङ) भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(च) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

(छ) उच्च नैतिक चरित्र र आचरण भएको।

(४) रजिष्ट्रारको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ।

(५) रजिष्ट्रारको पदावधि नियुक्त भएको मितिले तीन वर्षको हुनेछ।

(६) कुनै कारणले रजिष्ट्रारको पद रिक्त हुन गएमा यसै दफामा लेखिएको प्रक्रिया बमोजिम नयाँ रजिष्ट्रारको नियुक्ति गर्न सकिनेछ।

(७) रजिष्ट्रारको पदावधि समाप्त हुने मितिले तीन महिना पहिले नयाँ रजिष्ट्रार नियुक्तिको प्रक्रिया सुरु गर्नुपर्नेछ।

२६. <u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः</u> (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय र प्रशासनिक कार्यको समन्वय गर्ने,

(ख) शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम गर्ने,

(ग) शैक्षिक क्यालेण्डर कार्यान्वयन गर्ने, गराउने,

(घ) विश्वविद्यालका प्राध्यापक, शिक्षक, प्राचार्य तथा कर्मचारीहरूको प्रशासन र वृत्ति विकाससम्बन्धी कार्यको समन्वय र सहजीकरण गर्ने,

(ङ) विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनमा उपकुलपतिलाई राय सुझाव प्रदान गर्ने,

(च) विश्वविद्यालयको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी सभा समक्ष पेश गर्ने,

(छ) पदपूर्ति समितिको सिफारिसमा शैक्षिक तथा प्रशासनिक जनशक्ति नियुक्त गर्ने,

(ज) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखापरीक्षण गर्ने वा गराउने,

(झ) विश्वविद्यालयको चल अचल सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्ने,

(ट) सभा, प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ठ) कुलपति र उपकुलपतिबाट भएका निर्देशनहरू कार्यान्वयन गर्ने,गराउने।

(२) रजिष्ट्रारको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२७. <u>डिनः</u> (१) प्रतिरक्षा अध्ययन संस्थानको प्रशासकीय नेतृत्व डिनले गर्नेछ। निज संस्थानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारीका रूपमा रहनेछ।

(२) डिनको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ।

(३) डिनमा नियुक्त हुनका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पैतिस वर्ष उमेर पूरा भएको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट विद्यावारिधि गरेको,

(घ) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक वा रणनीतिक क्षेत्र वा अन्तर्राष्ट्रिय कूटनीतिको क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव प्राप्त गरेको,

(ङ) भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(च) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

(छ) उच्च नैतिक चरित्र र आचरण भएको।

(४) डिनको पदावधि तीन वर्षको हुनेछ।

(५) डिनको पदावधि समाप्त हुने मितिले तीन महिना पहिले नयाँ डिन नियुक्तिको प्रक्रिया सुरु गर्नुपर्नेछ।

२८. <u>डिनको काम, कर्तव्य र अधिकार:</u> (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त डिनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिरक्षा अध्ययन संस्थान प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) संस्थान अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक पर्ने कार्य गर्ने वा गराउने,

(ग) संस्थान अन्तर्गत सञ्चालित सङ्काय, विभाग वा महाविद्यालय (कलेज) को सञ्चालन, व्यवस्थापन र आवश्यक समन्वयको कार्य गर्ने वा गराउने,

(घ) विश्वविद्यालयबाट सम्बन्धन प्राप्त महाविद्यालय (कलेज) को शैक्षिक पाठ्यक्रम र कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने र आवश्यक निर्देशन दिने,

(ङ) संस्थान अन्तर्गत सञ्चालित सङ्काय, विभाग वा महाविद्यालय (कलेज) मा शैक्षिक एवं अनुसन्धानको लागि सहयोग र सुविधा उपलब्ध गराउन सिफारिस गर्ने,

(च) कार्यकारी तथा प्राज्ञिक परिषद्बाट भएका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(छ) उपकुलपतिले तोकेको अन्य काम गर्ने वा गराउने।

(२) डिनको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२९. <u>शिक्षाधिकृत (कमान्डान्ट) सम्बन्धी व्यवस्था:</u> (१) राष्ट्रिय प्रतिरक्षा महाविद्यालय (कलेज) को प्रमुखको रूपमा शिक्षाधिकृत (कमान्डान्ट) रहनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षाधिकृत (कमान्डान्ट) को नियुक्ति नेपाली सेनाको बहालवाला उपरथीमध्येबाट प्रधान सेनापतिको सिफारिशमा उपकुलपतिबाट हुनेछ।

३०. शिक्षाधिकृत (कमान्डान्ट) को काम,कर्तव्य र अधिकारः (१) राष्ट्रिय प्रतिरक्षा महाविद्यालय (कलेज) को सञ्चालन र व्यवस्थापनको जिम्मेवारी शिक्षाधिकृत (कमान्डान्ट) मा रहनेछ र यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त शिक्षाधिकृत (कमान्डान्ट) को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) राष्ट्रिय प्रतिरक्षा महाविद्यालयको दैनिक प्रशासनिक तथा शैक्षिक कार्यको नेतृत्व गर्ने,

(ख) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा तथा रणनीतिक विषयमा प्राज्ञिक परिषद्लाई राय सुझाव प्रदान गर्ने,

(ग) राष्ट्रिय प्रतिरक्षा महाविद्यालयबाट सञ्चालन हुने कोर्स वा तालिम सम्बन्धमा नेपाल सरकारका मन्त्रालय,नेपाली सेना र अन्य सम्बद्ध निकायबीच आवश्यक समन्वय गर्ने,

(२) शिक्षाधिकृत (कमान्डान्ट) को अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

३१. केन्द्र प्रमुखः (१) विश्वविद्यालय अन्तर्गत रणनीतिक अध्ययन अनुसन्धान केन्द्र प्रमुखको रूपमा कार्य गर्न एक जना केन्द्र प्रमुख रहनेछ।

(२) विश्वविद्यालयमा केन्द्र प्रमुख पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(३) केन्द्र प्रमुखको नियुक्ति उपकुलपतिले गर्नेछ।

(४) केन्द्र प्रमुखको रूपमा नियुक्त हुनका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पैतिस वर्ष उमेर पूरा भएको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातकोत्तर उपाधि हासिल गरी राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक वा रणनीतिक अध्ययन वा अन्तर्राष्ट्रिय कूटनीति सम्बन्धी शोध, अनुसन्धान वा प्राध्यापनको क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव प्राप्त गरेको,

(घ) भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, संगठित अपराध राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ङ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

(च) उच्च नैतिक चरित्र र आचरण भएको।

(५) केन्द्र प्रमुखको पदावधि तीन वर्षको हुनेछ।

३२. केन्द्र प्रमुखको काम,कर्तव्य र अधिकारः (१) यस ऐनमा अन्यत्र उल्लिखित अन्य काम, कर्तव्य र अधिकारको अतिरिक्त केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अनुसन्धान केन्द्रको प्रमुखका रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) अनुसन्धान केन्द्र अन्तर्गतका अनुसन्धान गरिने विषय र दायरा निर्धारण गर्ने,

(ग) अनुसन्धान केन्द्रबाट गरिने अनुसन्धानको स्तर निर्धारणका लागि आवश्यक मापदण्ड निर्धारण गर्ने वा गराउने,

(घ) अनुसन्धान केन्द्र अन्तर्गत सञ्चालित अनुसन्धानको लागि सहयोग र सुविधा उपलब्ध गराउन सिफारिस गर्ने,

(ङ) प्राज्ञिक तथा कार्यकारी परिषद्‌बाट तोकिएका काम गर्ने,

(च) उपकुलपतिले तोकेको अन्य काम गर्ने वा गराउने।

(२) केन्द्र प्रमुखको काम, कर्तव्य, अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## विविध

३३. विश्वविद्यालयसँग सम्बद्धताः राष्ट्रिय सुरक्षा, प्रतिरक्षा तथा सामरिक विषयसँग सम्बन्धित नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेज, नेपाली सैनिक वार कलेज, नेपाली सैनिक प्रतिष्ठान, सशस्त्र प्रहरी बल, नेपाल, कमाण्ड तथा स्टाफ कलेज र नेपाल प्रहरी स्टाफ कलेज तथा सुरक्षा निकायका अन्य कलेजहरूले तोकिएको शर्त तथा मापदण्ड पूरा गरेको खण्डमा विश्वविद्यालयले सम्बन्धन प्रदान गर्न सक्नेछ।

३४. प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता एवं स्तर निर्धारण गर्नेः (१) तोकिएको विषयमा आवश्यक मापदण्ड पूरा गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्ति वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्यातिप्राप्त विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयबाट सुरक्षा तथा प्रतिरक्षा विषयको शैक्षिक उपाधिको समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ।

३५. विश्वविद्यालयको कोषः (१) विश्वविद्यालयको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(ग) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) विश्वविद्यालयको कोषको रकम नेपाल सरकारबाट इजाजत प्राप्त "क" वर्गको बैङ्क खातामा जम्मा गरिनेछ।

(४) विश्वविद्यालयको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) विश्वविद्यालयको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३६. <u>लेखा र लेखापरीक्षण</u>: (१) विश्वविद्यालयको सम्पूर्ण आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(३) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

३७. <u>परीक्षा प्रणाली र पाठ्यक्रम</u>: विश्वविद्यालयको परीक्षा प्रणाली तथा पाठ्यक्रम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>: (१) विश्वविद्यालयले आफ्नो कामकारवाहीमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार तथा सुविधा विश्वविद्यालयले तोकिदिए बमोजिम हुनेछ।

३९. <u>अधिकार प्रत्यायोजन</u> : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, पदपूर्ति समिति तथा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, पदपूर्ति समिति वा उपकुलपतिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयको कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

४०. <u>उजुरी</u>: विश्वविद्यालयसँग सरोकार राख्ने विषयवस्तु उपर पर्ने सबै प्रकृतिका उजुरी सुनुवाइको व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. <u>नेपाल सरकारसँग सम्पर्क</u>: विश्वविद्यालयले नेपाल सरकारसँग समन्वय र सम्पर्क गर्नु पर्दा प्राज्ञिक विषयहरूको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत र सो बाहेकका अन्य विषयमा रक्षा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

४२. <u>पारिश्रमिक तथा सेवा, सुविधा</u>: (१) उपकुलपति, रजिष्ट्रार, डिन, केन्द्र प्रमुख तथा सदस्यहरूको सेवा सुविधा तोकिएबमोजिम हुनेछ।

(२) विश्वविद्यालय अन्तर्गत प्राध्यापन गर्ने प्राध्यापक, प्राचार्य, शिक्षक तथा अन्य कर्मचारीहरूको सेवा सुविधा तोकिएबमोजिम हुनेछ।

(३) पारिश्रमिक तथा सेवा सुविधा नतोकिएसम्म उपदफा (१) र (२) बमोजिमका पदाधिकारीले नेपाल सरकारले तोकेबमोजिमको सेवा सुविधा प्राप्त गर्नेछन्।

४३. <u>राजीनामा सम्बन्धी व्यवस्था:</u> (१) उपकुलपति, रजिष्ट्रार, डिन, केन्द्र प्रमुख, दफा ६ को उपदफा (२) को खण्ड (ज) र (द) बमोजिमका सदस्य तथा दफा १० को उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यले आफ्नो पदबाट राजीनामा दिन चाहेमा निजलाई नियुक्त गर्ने पदाधिकारी समक्ष लिखित रुपमा राजीनामा पेश गर्न सक्नेछन्। त्यसरी पेश गरेको राजीनामा स्वत: स्वीकृत भएको मानिनेछ।

४४. <u>शपथ लिनुपर्ने:</u> जिम्मेवारी सम्हाल्नुअघि विश्वविद्यालयको उपकुलपतिले कुलपति समक्ष र पदेन सदस्य बाहेकका अन्य पदाधिकारीले उपकुलपति समक्ष तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

४५. <u>पदबाट हटाउन सकिने:</u> (१) उपकुलपति, रजिष्ट्रार डिन वा केन्द्र प्रमुखले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेका पाँच जना सदस्यले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी पन्ध्र दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाको बैठकमा उपस्थित सदस्यमध्ये सभामा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यले निजलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले उपकुलपतिलाई र उपकुलपतिले रजिष्ट्रार, डिन वा केन्द्र प्रमुखलाई पदबाट हटाउनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि सम्बन्धित पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

४६. <u>नियम बनाउने अधिकार:</u> यो ऐनको कार्यान्वयनका लागि सभाले आवश्यक नियम बनाउन सक्नेछ।

४७. <u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार:</u> (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विश्वविद्यालयले आवश्यक निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका वा कार्यविधि वा मापदण्ड लागू गर्नु अघि सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

४८. <u>खारेजी र बचाउः</u> (१) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ खारेज गरिएको छ।

(२) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको विकास समितिको नाममा रहेको सबै चल-अचल सम्पत्ति तथा दायित्व विश्वविद्यालयमा सरेको मानिनेछ।

(४) यो ऐन लागू हुनुपूर्व राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिले सम्पन्न गरेका सम्पूर्ण कार्यहरूको दस्तावेज विधिवत् रूपमा विश्वविद्यालयलाई हस्तान्तरण गर्नेछ।

<u>अनुसूची</u>

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

<u>प्रतीक चिह्न</u>

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको प्रतीक चिह्न (Emblem) को खाका आवश्यकता अनुरूप ठूलो सानो बनाई प्रयोगमा ल्याउन सकिनेछ। आदर्श वाक्य **"ज्ञान, शक्ति, एकता"** (**Wisdom, Strength, Unity**) रहेको छ । सो को खाका तथा विस्तृत विवरण देहाय बमोजिमको हुनेछ।




<u>ज्ञानः</u> सिम्रिक रङको षट्कोणको भित्र कमलको फूल माथि बलिरहेको दियो रहेको। रङः षट्कोणको रङ सिम्रिक, कमलको फूल बैजनी, दियोको रङ तामा रङ र दीपको रङ गाढा पहेंलो ।

<u>शक्तिः</u> षट्कोणको तल क्रस खुकुरी रहेको। रङः खुकुरीको रङ चाँदी रङको धातु जस्तो देखिने र विडको रङ कालो ।

<u>एकताः</u> षट्कोणलाई अर्धगोलाकार रुपमा १४ वटा लालीगुराँसको फूलले घेरेको। रङः लालीगुराँसको रङ रातो र पातको रङ हरियो।

<u>द्रष्टव्यः</u> उक्त खाकालाई पूर्णता दिन क्रस खुकुरीको तल बिच भागमा देवनागरी लिपिमा **"वि.सं. २०८२"** र अंग्रेजीमा **"2025 A.D."** स्थापना साल लेख्ने सो भन्दा तलको पहिलो रातो रिबनमा देवनागरी लिपिमा **"ज्ञान शक्ति एकता"** र अंग्रेजीमा **"WISDOM STRENGTH UNITY"** आदर्श वाक्य लेख्ने र दोस्रो रातो रिबनमा देवनागरी लिपिमा **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय"** र अंग्रेजीमा **"NATIONAL DEFENCE UNIVERSITY"** विश्वविद्यालयको नाम लेख्ने ।